# स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** जनसंख्या वृद्धि र एकल परिवारको बढ्दो प्रचलनले गर्दा कृषि योग्य जमिन बिखण्डित भएर खेती गर्न कठिन हुनको साथै सिमाना थपिदै जाँदा खेती योग्य जमिन समेत घटदै गई रहेको छ। भूमिको बढ्दो खण्डीकरण एवं जग्गा बाँझो राख्ने प्रवृतिलाई निरूत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै भूमिको समुचित प्रयोगमा जोड दिने उद्देश्यले, प्रदेश नं. ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रम स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदानग्राही" भन्नाले चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका प्रस्तावकलाई जनाउँदछ।

(ख) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वा मातहतको कार्यक्रम सञ्चालन गर्ने निकायलाई सम्झनु पर्छ।

(ग) "चक्लाबन्दी" भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरीएर रहेका जग्गाहरूलाई एकीकृत गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(ङ) "प्रस्तावक" भन्नाले चक्लाबन्दी कार्यक्रम सञ्चालनका लागि स्थानीय तहको लागत सहभागिताको प्रतिवद्धता पत्र सहित आवेदन दिन आएका सहकारी वा कम्पनी तथा निजी फार्मलाई सम्झनु पर्छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार प्रदेश नं.५ बुटवल, नेपाल

(च) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम गठन भई कृषि सम्बन्धी कार्य गर्ने उद्देश्य भएको सहकारी संस्थालाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका सम्झनु पर्छ।

(झ) "ज्ञान केन्द्र" भन्नाले कार्यक्रम सञ्चालन हुने सम्बन्धित जिल्लाहरु हेर्ने कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यहरु:</u> यस कार्यविधि बमोजिम यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ:-

(क) खेती योग्य भूमिको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई भूमिको जगेर्ना गर्ने र जग्गा बाँझो राख्ने, खण्डीकरण गर्ने प्रविधिलाई निरूत्साहन गर्ने,

(ख) खेती प्रणालीलाई रूपान्तरण र विस्तार गरी रोजगारीका अवसर सिर्जना गर्ने, र

(ग) कृषि उत्पादन तथा व्यवसायीकरण तर्फ सञ्चालन हुने अन्य कार्यक्रमहरूलाई समेत चक्लाबन्दी कार्यक्रमसँग आबद्ध गर्दै लैजाने।

## परिच्छेद -२

## <u>कार्यक्रम सञ्चालन विधि</u>

४. <u>कार्यक्रमका सञ्चालन प्रक्रिया:</u> (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) कार्यालयले कार्यक्रमको ३० दिने म्याद दिई राष्ट्रिय वा प्रदेशस्तरीय पत्रिका मार्फत प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ साथै सो सूचनालाई ज्ञान केन्द्र र स्थानीय तह मार्फत पनि प्रवाह गरिनेछ।

(३) सम्बन्धित प्रस्तावकले अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गर्नुपर्नेछ। प्रस्ताव तयार गर्दा भौतिक पूर्वाधारको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरूको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, बजार व्यवस्थापन, लगानीको श्रोत, अनुदान माग गरेको रकम र आफूले ब्यहोर्ने रकम समेत खुलाई विस्तृत रूपमा

तयार गर्नु पर्नेछ। प्रस्तावकले सूचनामा तोकिएको कार्यलयमा समयावधि भित्रै प्रस्तावना पेश गर्नु पर्नेछ।

(४) प्रस्ताव दर्ता गर्दा अनुसूची-३ बमोजिमको ढाँचामा स्वघोषणा, अनुसूची-४ बमोजिमको ढाँचाको स्थानीय तहको सिफारिस पत्र र अनुसूची-५ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र समेत पेश गर्नु पर्नेछ।

(५) सूचनामा तोकिए बमोजिमका कार्यालयले म्याद भित्र दर्ता भएका निबेदन/प्रस्तावहहरू म्याद समाप्त भएको ७ दिन भित्र कार्यक्रम सञ्चालन गर्ने निकायमा प्राप्त हुने गरी पठाइसक्नु पर्नेछ।

(६) चक्लाबन्दी कार्यक्रममा सहकारी वा कम्पनी तथा निजी फार्मले स्थानीय तहको सिफारिस पत्र साथ प्रस्ताव पेश गर्न सक्नेछन्।

(७) यस दफामा जे सुकै लेखिएको भएता पनि आशय पत्र प्राप्त भएका स्थानीय तहमा मात्र यो कार्यक्रम लागू गरिनेछ।

(८) आशय पत्र दिदाँ सम्बन्धित स्थानीय तहले कूल लागतको कम्तिमा १० प्रतिशत लगानी गर्ने प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ।

५. <u>कार्यक्रम व्यवस्थापन समितिको व्यवस्था:</u> (१) प्रस्तावकहरूले अनुदान माग गरी पेश गरेको प्रस्ताव मूल्याङ्कन गरी अनुदान प्रवाह गर्नको लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित कार्यालय | अध्यक्ष |
| (ख) सम्बन्धित महाशाखा प्रमुख/अधिकृत प्रतिनिधि, मन्त्रालय | सदस्य |
| (ग) प्रमुख वा अधिकृत प्रतिनिधि, योजना कार्यक्रम तथा अनुगमन शाखा सम्बन्धित कार्यालय | सदस्य |
| (घ) कानून अधिकृत वा शाखा अधिकृत, प्रशासन शाखा, सम्बन्धित कार्यालय | सदस्य |
| (ङ) लेखा प्रमुख, सम्बन्धित कार्यालय | सदस्य |
| (छ) कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार शाखा प्रमुख, सम्बन्धित कार्यालय | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ जना विषय विज्ञलाई आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कार्य गर्ने,

(ख) आवश्यकता अनुसार कार्यक्रम सञ्चालनमा सहजता ल्याउन अन्य उप समिति गठन गर्न सक्ने,

(ग) प्रारम्भिक मूल्याङ्कनको लागि दर्ता भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पुरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ्ग गर्ने/गराउने,

(घ) प्रस्ताव मूल्याङ्कन अनुसूची-६ बमोजिमको मूल्याङ्कन फारममा व्यवस्था भए बमोजिम गर्ने,

(ङ) कार्यक्रम सञ्चालनका लागि सम्भावित प्रस्तावहरू मध्ये अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने,

(च) प्रास्तावहरुको मूल्याङ्कन अनुसार योग्यताक्रम सूची तयार गरी स्वीकृतिको लागि सिफारिस गर्ने,

(छ) कार्यक्रमको सुपरिवेक्षण र अनुगमन गर्ने/गराउने र आवश्यकता अनुसार सुझाव दिने, र

(ज) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्नेलाई कारबाहीका लागि प्रक्रिया अगाडि बढाउने।

७. <u>कार्यक्रम कार्यान्वयन:</u> (१) कार्यालयले ३० दिने सार्वजनिक सूचना जारी गरी प्रस्ताव माग गर्नेछ।

(२) स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनका लागि प्रस्तावमा आधारित अनुदान प्राप्त गर्न देहायका मापदण्ड पुगेका प्रस्तावकहरूले अनुसूची-१ अनुसार आवेदन दिन सक्नेछन्।

(क) कार्यक्रमको कमाण्ड क्षेत्रमा कम्तीमा मोटर बाटो, पानी, सिंचाई, सञ्चार, आदि सुविधा भएको हुनु पर्नेछ।

(ख) चक्लाबन्दी सहितको नमुना फार्म स्थापना गरी कृषि जन्य वस्तु वर्षभरी नै उत्पादन गर्ने गरी आवश्यक संरचना, उत्पादन योजना, उत्पादन पश्चातको बजारीकरण, उत्पादनहरूबाट लिन सकिने लाभ र विकार तथा फोहोर व्यवस्थापनको उचित योजना भएको हुनु पर्नेछ।

(ग) चक्लाबन्दीको लागि तरकारी फलफूल माछा पशुपन्छीपालन बीउ उत्पादन कार्यक्रम समेत समावेश गर्न सकिनेछ।

(घ) चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रमा स्वीकृत बाली पात्रो अनुसार कार्य गर्नु पर्ने र अन्य प्रयोजनको लागि प्रयोग गर्न पाईने छैन।

(ङ) पहाडमा न्यूनतम ४० रोपनी र तराईमा न्यूनतम २० बिघा भन्दा बढी कृषि उत्पादनयोग्य जमिन हुनु पर्नेछ। कृषि उत्पादनयोग्य सार्वजनिक जग्गामा यो कार्यक्रम सञ्चालन गर्नु पर्दा स्थानीय तह वा सम्बन्धित सरकारी निकायको सिफारिस पत्र समावेश गर्नु पर्नेछ।

(च) चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रको जग्गाको स्वामित्व परिवर्तन (रजिष्ट्रेसन, अंशबण्डा, बकस, ईत्यादि) गर्दा चक्लाबन्दी कार्यक्रमलाई प्रतिकूल हुने गरी गर्न पाइने छैन।

(छ) खेति योग्य भूमिमा प्लानिङ्ग, आवास तथा उद्योगका लागि प्लानिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गाको एक वर्षमा कम्तीमा तीन बाली खेती गर्नु पर्नेछ र बाली लगाउन सम्बन्धित कार्यालयले प्राविधिक सहयोग गर्नेछ। साथै सो कार्य गर्न कम्तीमा १० वर्षको प्रतिबद्धता पत्र गरिएको हुनुपर्नेछ।

(ज) चक्लाबन्दी कार्यक्रममा पेश भएका आवेदकहरू मध्ये बढी क्षेत्रफलमा चक्लाबन्दीको प्रस्ताव पेश गर्ने आवेदकलाई प्राथमिकता दिईनेछ।

(झ) प्रस्तावक कानून बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनु पर्नेछ।

(ञ) सहकारीको हकमा गत आ.व. सम्मको कर चुक्ता गरेको हुनु पर्नेछ।

(ट) प्रस्तावकको परियोजना स्थलको जग्गा आफ्नै स्वामित्वको हुनु पर्नेछ वा कम्तिमा १० वर्षका लागि भाडामा लिने गरी सम्झौता भएको हुनु पर्नेछ।

(ठ) विगत २ आ.व. भित्र सोही प्रयोजनका लागि कुनै निकायवाट अनुदान नलिएको हुनु पर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिबाट छनौट भइ स्वीकृत भएका प्रस्तावहरुको बारेमा प्रस्तावकहरूलाई जानकारी दिइनेछ।

(४) स्वीकृत प्रस्तावकसँग सम्झौता गरी प्रस्ताव कार्यान्वयनका लागि अघि बढाउने काम कार्यालयको हुनेछ। स्वीकृत प्रस्तावकहरूले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा वा कार्य अघि नबढाएका प्राथमिकता क्रममा त्यस पछि रहेका वैकल्पिक प्रस्तावकलाई अनुदान रकम प्रवाह गर्न सकिनेछ।

(५) कार्यक्रममा सञ्चालन भएको क्षेत्रको Global Positioning System (GPS) रेकर्ड कार्यालयले राख्नेछ।

(६) चक्लाबन्दी कार्यक्रम सञ्चालन भइ सकेपछि यान्त्रिकीकरण, सिँचाई, बजार र अन्य पूर्वाधार विकासको लागि अन्य सहयोगी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

परिच्छेद–३

## अनुदान प्रवाह विधि

८. अनुदानको सीमाः (१) स्वीकृत बजेटको परिधिभित्र रही कार्यक्रम व्यवस्थापन समितिको सिफारिसको आधारमा उपदफा (३) को परिधिभित्र रही कूल लागतको बढीमा ५० प्रतिशत सम्मको रकम अनुदान स्वरूप उपलब्ध गराईनेछ।

२) यस कार्यको लागि देहाय बमोजिम कार्यक्रम/क्रियाकलापहरूमा अनुदान रकम उपलब्ध गराईनेछः

(क) पूर्वाधार विकास
(ख) उत्पादन सामग्री
(ग) यान्त्रिकीकरण
(घ) प्रशोधन तथा बजारीकरण
(ङ) व्यवस्थापन खर्च (हेरालु कर्मचारी सहित) ५% (अधिकतम)

(३) चक्लाबन्दी कार्यक्रम सञ्चालनको लागि न्यूनतम क्षेत्रफल र अनुदान सीमा देहाय बमोजिम हुनेछः-

| तराईको हकमा | | पहाडको हकमा | |
|---|---|---|---|
| जग्गाको क्षेत्रफल | अनुदानको सीमा रु. | जग्गाको क्षेत्रफल | अनुदानको सीमा रु. |
| २० विघा | ५ लाख | ४० रोपनी | २ लाख ५० हजार |
| २० देखि ४० विघा | प्रति विघा ३० हजार | ४० देखि ६० रोपनी | प्रति रोपनी थप ८ हजार |
| ४० विघा भन्दा माथि | प्रति विघा थप ३५ हजार | ६० रोपनी भन्दा माथि | प्रति रोपनी थप १० हजार |

मा. आरती पौडेल
मन्त्री

९. <u>प्रस्तावकको लगानी सुनिश्चितता सम्बन्धमाः</u> अनुदानग्राहीले आफूले लगानी गर्न कबोल गरेको रकम तथा बैंक दाखिला गरेको वा वित्तीय संस्थाबाट लगानी हुने अवस्थामा वित्तीय संस्थाको प्रतिवद्धता पत्र वा अन्य भरपर्दो विवरण र स्थानीय तहको लागत साझेदारीको प्रतिवद्धता पत्र प्राप्त भएपछि मात्र स्वीकृत प्रस्तावकलाई कार्यक्रम अघि बढाउन कार्यदिश दिईनेछ।

१०. <u>खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) स्वीकृत भएका अनुदानग्राहीहरूले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अपनाउनु पर्नेछ।

(२) स्वीकृत भएका अनुदानग्राहीहरूलाई अनुगमनकर्ताले रनिङ बिलको आधारमा वा कार्यसम्पन्न प्रतिवेदन र बिल भरपाई सहित भुक्तानीका लागि माग भई आएपछि सम्झौता र नियमानुसार लाग्ने कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी भुक्तानी गरिनेछ।

(३) कूल लागनीको जम्मा ५० प्रतिशत रकम स्थानीय तह र आवेदकले व्यहोर्नु पर्नेछ र रनिङ बिलको आधारमा वा कार्यसम्पादन प्रतिवेदन पेश भए पश्चात कार्यालयबाट स्थलगत निरीक्षण टोलीको प्रतिवेदनको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गराईने छ।

## परिच्छेद–४
## अनुगमन र समन्वय

११. <u>अनुगमन</u> : (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारका सरोकारवाला निकायहरुले संयुक्त वा छुट्टा छुट्टै अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन सम्बन्धित कार्यालयले सुरक्षित राखु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१२. <u>समन्वयः</u> सम्बन्धित कार्यालयले कार्यक्रमलाई व्यवस्थितरूपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-५
## विविध

१३. <u>कारवाहीको व्यवस्थाः</u> कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरूले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरूको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानूनानुसार कारवाही हुनेछ।

१४. <u>बाधा अड्चन फुकाउ</u>ः यस कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा द्विविधा उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१५. <u>संशोधन तथा परिमार्जन</u> : (१) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

(२) मन्त्रालयले कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार परिमार्जन तथा हेरफेर गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**१. स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रमको अनुदान प्राप्त गर्नका लागि दिईने आवेदन पत्र**

श्री ................................,

.........................।

विषयः चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन सम्बन्धमा।

हाम्रो .................... सहकारी संस्थाबाट .................. जिल्ला, .......................म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.,.....वडा नं अन्तर्गत..................स्थानमा ............बालीमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि अनुमानित लागत रकमको रू....................मध्ये रू .................. स्थानीय तहबाट रु..................... हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रू.....................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यो आवेदन पेश गरेको छु, गरेका छौ।

*तपसिलः*

- सहकारी संस्थाको दर्ता प्रमाण पत्रको छाँयाप्रती र स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
- सहकारी संस्थाको गत आ.व. सम्मको लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा नियमानुसार कर चुक्ताको लागि म्यादथप भएकोमा सो को प्रतिलिपी
- सम्बन्धित म.न.पा./उप–म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थानमा भौतिक पुर्वाधारहरू (सडक, पानी, बिजुली आदि) उपलब्धता र स्थानीय तहको कृषि वा पशु सेवा शाखाको प्राविधिकबाट प्राथमिकता क्षेत्रमा रहेको व्यहोराको सिफारिस पत्र
- सहकारी र कम्पनीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती र जिम्मेवार व्यक्तीको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- सहकारीको बैंठकबाट पारित चक्लाबन्दीमा आवद्ध हुने कृषकहरू छनौट भएको निर्णयको प्रतिलिपी
- जग्गाको जग्गाधनी प्रमाण पुर्जा वा चक्लाबन्दी गर्ने अन्य सदस्यहरूको जग्गा हस्तान्तरण सम्बन्धी १० वर्षको सम्झौता पत्र र सम्बन्धित जग्गा धनिको जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि

- प्रस्तावकको कम्तिमा १० वर्षसम्म व्यवसाय सञ्चालन गर्ने अनुसूचि-५ बमोजिम प्रतिवद्धता पत्र

(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन)

निवेदकको

नामः

दस्तखत

ठेगानाः

सम्पर्क नः

अनुसूची २

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रमको संक्षिप्त कार्य योजना**

खण्ड– क

प्रस्तावको सारांश विवरण

१. व्यावसायिक सहकारी वा कम्पनीको नाम र ठेगाना ............................................

२. सहकारी वा कम्पनी दर्ता नं. र दर्ता मिति: ............................................

३. दर्ता भएको कार्यालयः .........................

४. सहकारी वा कम्पनीको किसिमः ...................

५. सदस्य संख्या............. महिला.........पुरूष........दलित.......जनजाति..

६. लाभाविन्त कृषक संख्याः..........................प्रत्यक्ष............ अप्रत्यक्ष...............

७. कारोबार शुरू मितिः....................................................

खण्ड – खः प्राविधिक प्रस्तावनाको ढाँचा

| सि.नं. | विवरण | | | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रमको सारांश<br>• यस खण्डमा कार्यक्रमको संक्षिप्त पृष्ठभूमि/परिचयको साथै कार्यक्रमको उद्देश्य, प्रतिफल कार्यान्वयन तरिका, कार्यक्रमको दिगोपना, कार्यक्रमको अनुमानित लागतको साथै वित्तीय विश्लेषणको संक्षिप्त विवरण उल्लेख गर्नु पर्नेछ। | | | |
| २. | कार्यक्रमको प्रस्तावित क्षेत्र<br>• प्रस्ताव गरिएको भौगोलिक क्षेत्रको संक्षिप्त विवरण र चक्लाबन्दीका लागि उपयुक्तता | | | |
| २.१ | चक्लाबन्दीमा सहभागी हुने कृषक वा जग्गा धनी र जग्गाको विवरण | | | |
| सि.नं. | जग्गा धनीको नाम थर | जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल |
| | | | | |
| | | | | |
| | | | | |
| ३ | कार्यक्रमको लक्ष्य<br>• प्रस्तावित कार्यक्रमले दीर्घकालीन रूपमा पार्न सक्ने प्रभावको | | | |

| | | |
|---|---|---|
| | बारेमा उल्लेख गर्ने | |
| ४ | कार्यक्रमको उद्देश्य<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात हासिल हुन सक्ने उद्देश्यको बारेमा उल्लेख गर्ने। | |
| ५ | कार्यक्रमको प्रतिफल/उपलब्धि<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयन पश्चात प्राप्त हुने प्रतिफल उपलब्धि/ सूचक गर्ने मापन भए/नभएको, हासिल गर्ने उपलब्धि र उपलब्धि मापन गर्ने सूचकहरू। | |
| ६ | कार्यक्रमको कार्यान्वयन तरिका<br>• प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरूको विवरणको साथै प्रत्येक क्रियाकलापहरू कहिले, कहाँ, किन, कसरी कार्यान्वयन गरिने हो सो को व्याख्या समेत गर्नु पर्ने छ।<br>• कार्यान्वयन पद्दति<br>• आवश्यक सामग्रीहरूको उपलव्धता<br>• समयको प्रर्याप्तता<br>• रचनात्मक तत्वहरू | |
| ७ | प्रस्तावित कार्यक्रमको कार्ययोजना<br>• प्रस्तावित कार्यक्रममा समावेस गरिने क्रियाकलापहरू कुन कुन महिनामा कार्यान्वयन गरिने हो सो को कार्य तालिका सहित पेश गर्नु पर्ने छ। | |
| ८ | कार्यक्रमको लाभान्वित वर्ग<br>• प्रस्तावित कार्यक्रम कार्यान्वयनबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा लाभान्वित हुने समुदायको संक्षिप्त विवरण। कार्यक्रमबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा श्रृजना हुने रोजगारी नियमित हो की आंशिक हो सो को संख्या समेत खुलाउनु पर्ने छ। | |
| ९ | कार्यक्रमको व्यावसायिक योजना | |
| ९.१ | कार्यक्रमको प्राविधिक पक्ष<br>• विगतमा करार वा सामूहिक खेती अभ्यासको अनुभव<br>• भौतिक लक्ष्यहरुः कार्यक्रमको क्षमत्ता | |

मा. आरती पौडेल
मन्त्री

| | | |
|---|---|---|
| | • उत्पादन/प्रशोधन प्रविधिको विवरण<br>• उत्पादन/प्रशोधन योजना तथा प्रक्रिया<br>• प्राविधिक जनशक्ति तथा आपूर्ति व्यवस्था<br>• उत्पादित वस्तुहरूको विशेषताहरू | |
| ९.२ | बजारीकरण पक्ष<br>• बजारको विकास र वजारिकरणको रणनीति<br>• लक्षित ग्रहाकहरू<br>• लक्षित बजारका प्रतिस्पर्धिहरू<br>• लक्षित बजारका विशेषताहरू<br>• मुख्य उत्पादनका विशेषताहरू<br>• बजारमा उपलब्ध अवसरहरू<br>• बजार विकासका चुनौतीहरू | |
| ९.३ | व्यावस्थापकीय पक्ष<br>• प्रस्तावित क्रियाकलापमा जिम्मेवारी बाँडफाँड<br>• मानवीय संशाधनको विकास तालिम<br>• व्यवस्थापकीय अनुभव र क्षमता | |
| ९.४ | वित्तीय पक्ष<br>• पुँजीगत लगानीको लागत अनुमान<br>• स्थीर र परिवर्तीय खर्चको अनुमान<br>• उत्पादन खर्चको अनुमान<br>वार्षिक उत्पादन खर्च आंकलन<br>• उत्पादन बिक्री र आयको प्रक्षेपण<br>कार्यक्रमको उत्पादन योजना<br>आम्दानी प्रति वर्ष<br>• चालु पुँजीको आवश्यकताको प्रक्षेपण<br>चालु खर्च प्रति वर्ष<br>• प्रक्षेपित नाफा नोक्सान हिसाब, वासलात र नगद प्रवाह विवरण<br>नाफा नोक्सान अनुमान<br>नगद प्रवाह विवरण<br>लगानी फिर्ता अवधि<br>लागत लाभ अनुपात | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

| | | |
|---|---|---|
| १० | सम्बन्धित निकाय विच समन्वयन र सहकार्य<br>कार्यक्रमसँग सम्बन्धित निकायहरूसँग के कस्तो प्रकारको सहकार्य र समन्वयन हुन सक्छ स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने। कुनै निकायसँग सहकार्यको लागि सम्झौता भएमा निजहरूको भूमिका र जिम्मेवारी समेत उल्लेख गर्नु पर्ने। | |
| ११ | दीगोपनाको सम्भावना<br>• उपलब्धि र प्रतिफललाई दीगो राख्ने क्षमता<br>• वातावरणीय रूपले दीगोपना<br>• आर्थिक रूपले दीगोपना<br>• सामाजिक रूपले दीगोपना<br>• नाफा गर्न सक्ने क्षमता<br>• दीर्घकालीन लक्ष्यको निर्धारण | |
| १२ | कार्यक्रमको निष्कर्ष | |

खण्ड गः आर्थिक प्रस्तावना

१. आर्थिक प्रस्ताव

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | लम्बाई, चौडाई, मोटाई लगायतका लागत अनुमान सम्बन्धी विस्तृत विवरण समेत संलग्न गर्नु पर्नेछ। |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | सामानको स्पेसिफिकेसन र कोटेसन समेत संलग्न राख्नु पर्ने। |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | उत्पादन सामग्रीहरु | | | | | | मल बीउ स-साना औजार वा ज्यावलहरु |
| ३.१ | | | | | | | |
| | | | | | | | |

२. लगानी र प्रतिफल:

२.१ एकल वा सामूहिक:

२.२ कुल प्रक्षेपित लगानी: जारी पुँजी

२.३ चुक्ता पुँजी:

सहभागी सदस्यहरुको लगानी र प्रतिवद्धता विवरण

| सि.नं. | नाम थर | ठेगाना | लगानी प्रतिवद्धता रकम | चुक्ता रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

| सि.नं. | क्रियाकलापहरू | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| कूल जम्मा - | | | | | | |

पेश गर्नेको नाम:

दस्तखत:

नाम:

पद:

सहकारी:

ठेगाना:

मिति:

नोट: यो प्रस्तावना फारमको नमुना मात्र हो। यस प्रस्तावना फारममा उल्लेख भएका बुँदाहरूको विस्तृत रूपमा व्याख्या गर्नुका साथै आर्थिक प्रस्तावनामा प्रत्येक क्रियाकलापहरूको छुट्टा छुट्टै रूपमा रकम प्रस्ताव गरेको हुनु पर्छ।

अनुसूची-३

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**<u>प्रस्तावित व्यावसायिक योजनाको लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्वःघोषणा</u>**

.................... को मिति २०७ ................. मा प्रकाशित सूचना अनुसार स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि अनुदान सहयोग कार्यक्रमको लागि चालु आ.व. र विगत २ आ. व. भित्र अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वःघोषणा गर्दछु/गर्दछौं।

उपयुक्त बमोजिमको विवरणहरू मैले जाने–बुझे सम्म सही छ। झुटो ठहरिएमा निवेदन स्वतःखारेज भई कानून बमोजिम सहुँला–बुझाउँला।

| | |
|---|---|
| साक्षीः | निवेदकः |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |

अनुसूची-४

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि स्थानीय तहले (म.न.पा./पउ-म.न.पा./न.पा./गा.पा.)उपलब्ध गराउने सिफारिस पत्रको ढाँचा**

श्री ..........................

....................।

विषयः सिफारिस सम्वन्धमा।

तहाँ कार्यालयको मिति........................को पत्रिकामा प्रकाशन भएको सूचना अनुसार ..................जिल्ला................म.न.पा/उप-म.न.पा./न.पा./गा.पा....नं.वडा ............. स्थानमा रहेको .................. सहकारी वा कम्पनी ले चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि यस कार्यालयमा मिति................सिफारीस पत्र उपलब्ध गराई पाँउ भनि निवेदन दिएको हुँदा उक्त समूह/सहकारीले प्रस्ताव गरेको क्षेत्रमा सडक र पानीको व्यवस्था भएको साथै अन्य भौगोलिक तथा आर्थिक हिसावले उपयुक्त भएकोले चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि सिफारिस गर्दै यस ................म.न.पा/उप-म.न.पा./न.पा./गा.पा बाट .............. सहयोग उपलब्ध गराउन सकिने ब्यहोरा समेत अनुरोध छ।

प्रमुख

...........

अनुसूची ५

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

<u>प्रतिवद्धता पत्रको ढाँचा</u>

....................को मिति २०७................ मा प्रकाशित सूचना अनुसार चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि अनुदान सञ्चालन प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागीताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटिमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौ। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा अनुदान रकम फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं।

इति सम्वत् २०७...........गते ..............रोज ..... शुभम्।

नामः

ठेगानाः

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

मितिः

संस्थाको छापः

अनुसूची-६

(दफा ६ को खण्ड (घ) सँग सम्बन्धित)

मा. आरती पौडेल
मन्त्री

**स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रमको प्रस्ताव मूल्याङ्कनका आधार**

| सि. नं. | मूल्याङ्कनका आधार | जम्मा अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित स्थलको उपयुक्तता | १० | | स्थलगत निरीक्षणवाट मूल्याङ्कन गरिने |
| २ | प्रस्तावना बमोजिमको यथार्तता | १० | | |
| ३ | सहकारी संस्थाको गतिशीलता तथा अन्य व्यवस्थापकीय पक्षहरू | १० | | |
| ४ | कार्यक्रमको व्यावसायिक योजना | १० | | |
| | प्राविधिक रूपले उपयुक्तता | १-५ | | |
| | बजारीकरणको स्पष्ट रणनीतिक/कार्ययोजना | १-५ | | |
| ५ | करार वा सामूहिक खेती अभ्यासको अनुभव | ५ | | |
| | भएमा | ५ | | |
| | नभएमा | ० | | |
| ६ | कार्यक्रमको लाभान्वित वर्ग | १० | | |
| | ५ जना भन्दा बढी रोजगारी श्रृजना हुने भएमा वा प्रत्यक्ष लाभान्वित समुदाय २० जना भन्दा बढी हुने भएमा | १० | | |
| | ५ जना भन्दा कम रोजगारी श्रृजना हुने भएमा वा प्रत्यक्ष लाभान्वित समुदाय २० जना भन्दा कम हुने भएमा | ५ | | |
| ७ | कार्यक्रमको कार्यान्वयन पद्धति | १५ | | |
| | तोकिएको समयमा सम्पन्न हुने सम्भावना भएमा | ५ | | |
| | तोकिएको समयमा सम्पन्न हुने सम्भावना नभएमा | ० | | |
| | तोकिएको अनुदानमा लगानी गर्ने | ०-५ | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | क्षमताको आधार | | | |
| | कार्यक्रममा नयाँ रचनात्पक/सृजनशील तत्वहरू समावेशको आधार | ५ | | |
| ८ | **चक्लाबन्दी गर्ने क्षेत्रफलको आधार** | **१५** | | |
| | पहाडमा ४० रोपनी र तराईमा २० बिघा भन्दा माथि भएमा | ५ | | |
| | पहाडमा ४०-६० रोपनी र तराईमा २०-४० बिघा भएमा | १० | | |
| | पहाडमा ६० रोपनी र तराईमा ४० बिघा भन्दा माथि भएमा | १५ | | |
| ९ | **संस्थाको प्रकृति** | **१५** | | |
| | सामूहिक सहकारी खेती भएमा | १५ | | |
| | सामूहिक कम्पनीबाट खेती हुने | १२ | | |
| | निजी फर्म वा कम्पनी | ९ | | |
| | जम्मा | १०० | | |

*नोटः*

- कार्यक्रम मूल्याङ्कन समितिले आवश्यकता अनुसार प्रस्तुत मापदण्डको थप विस्तृतीकरण गर्न सक्नेछ। यसरी मूल्याङ्कनका आधारहरू विस्तृतीकरण गर्दा सूचना प्रकाशन अगाडि नै गर्नुपर्नेछ।
- स्थलगत निरीक्षण गर्दा ५० अङ्क नल्याउने प्रस्तावहरू स्वतः अस्वीकृत हुने छन्।
- स्थलगत अनुगमन गर्दा प्रस्तावकले पेश गरेको कागजपत्र नमिलेमा त्यस्ता प्रस्तावहरू अस्वीकृत हुनेछन्।